
# प्याजी डढुवा

**(purple blotch/alternaria blight) (Alternaria porri )**

प्याजको डडुवा (Purple Blotch/Alternaria Blight) ढुसीजन्य रोग हो, जसले पातमा बैजनी-खैरो दागहरु देखाई बोट सुकाउँछ । यो रोग पानीका छिटा र हावाबाट सर्छ । नियन्त्रणका लागि स्वस्थ बीउ प्रयोग गर्ने, खेत सफा राख्ने, र लक्षण देखिनासाथ डाइमथेमर्फ वा म्यानकोजेब जस्ता ढुसीनाशक औषधिहरु प्रयोग गर्नुपर्छ ।







## लक्षणहरू

यो रोगले बिरूवाको सबै भागहरूमा आक्रमण गर्न सक्दछ । सुरूसरूमा यसको लक्षण पातहरूमा देखा पर्दछ । सानो सेतो लाम्चो थोप्लाहरू नरम पातहरूमा देखिन्छन् । पातको टुप्पोमा सबभन्दा पहिलो यो लक्षण देखा पर्दछ । विस्तारै यी थोप्लाहरू पातदेखि तलतिरका भागहरूमा पनि फैलिँदै जान्छन् । यी थोप्लाहरू मिसिएर ठुला धब्बाहरू बन्दछन् । रोग छिप्पिदैं जाँदा पात र डाँठहरू घुमाउरो परेका देखिन्छन् । पछि पातहरू जम्मै डढेर सकिन्छन् । गानोमा पनि रोग फैलिँदै जान्छ । गानोमा चारैतिर रातो पहैंलो पानी निस्किन्छ र सड्न थाल्दछ । रोगी बोटहरूमा फुल फल्दैन ।

## रोगको श्रोत र रोग फैलिने वातावरण

रोगी बीउ तथा संक्रमित पुराना बोटका अवशेषहरू रोगका श्रोतहरू हुन् । बारम्बार पानी परेमा र तापक्रम २५ डिग्री सेल्सियस कायम रहेमा रोगले उग्रता लिन्छ । दुसीलाई पानीका छिटा तथा हावाले एक बिरूवा बाट अर्कोमा वा एक ठाउँबाट अर्को ठाउँमा फैलाउँछ ।

## व्यवस्थापन

- पुर्वतयारीः रोगी बोट र झारपातहरु नष्ट गर्ने र बाक्लो रोप्नबाट जोगिने ।
- २-३ वर्ष सम्मको घुम्ती बाली प्रणाली अपनाउने ।
- बाली चक्रमा गानो बालीको सट्टा अन्नबाली ,कोसेबाली वा काउली बालीहरू लगाउने ।
- पुराना घाँसपातका ठुटाहरू, झारपातहरू बटुलेर जलाउने ।
- रोग लागेका प्याजका गानाहरू भण्डारण नगर्ने ।
- पछौटे बालीमा यो रोग बढी लाग्ने भएकाले रोग छल्नको लागि बाली छिटो लगाउने ।
- थाइरम विषादी २ ग्राम प्रति किलो बिउका दरले मिसाएर बिउ उपचार गर्ने ।
- रसायनिक नियन्त्रणः रोग लागेको ठाउँमा डाइमथेमर्फ (Dimethomorph) प्रति लिटर पानीमा १-१.५ ग्राम वा म्यानकोजेब (Mancozeb) प्रति लिटर पानीमा २ ग्राम मिसाएर १०-१२ दिनको फरकमा २-३ पटक छर्ने ।


**प्रकाशक**

**लुम्बिनी प्रदेश सरकार**

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय**

**कृषि विकास निर्देशनालय**

**बाली संरक्षण प्रयोगशाला, खजुरा, बाँके**